म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १५३ २०८१ वैशाख १२ गते बुधबार 24 April 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

“सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता”

**विद्यार्थी भर्ना अभियान-२०८१**

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

## विद्यार्थीसँग दोहोऱ्याएर भर्ना शूल्क नलिनुः हेटौंडा उपमहानगर



हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८०/०८१
शाखा :- शिक्षा विकास महाशाखा
चलानी नं :-

मिति: २०८१।१।१०

भर्ना शुल्क नलिने बारेको सूचना

श्री सबै विद्यालय
हेटौंडा उपमहानगरपालिका
मकवानपुर ।

हेटौंडा उपमहानगरपालिको शिक्षा ऐन, २०७४ को दफा २८ को उपदफा ५ मा "विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुन: सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन" भन्ने प्रावधान रहेकाले यस प्रावधान र अन्य प्रचलित कानुन विपरीत हुने गरी भर्ना शुल्क नलिन सबै विद्यालयलाई सूचित गरिन्छ ।

(सीताराम कोइराला)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

*हेटौंडा उपमहानगरपालिकाले मंगलबार जारी गरेको सूचना ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले एक पटक भर्ना भएका विद्यार्थीसँग पुनः भर्ना शूल्क नलिन सूचित गरेको छ । मंगलबार एक सूचना जारी गरेर उपमहानगरले सबै विद्यालयलाई भर्ना शूल्न नलिन भनेको हो ।

हेटौंडा उपमहानगरपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत सीताराम कोइरालाले सोमबारको मितिमा हस्ताक्षर गर्नुभएको सूचना हेटौंडा उपमहानगरपालिकाले सामाजिक सञ्जाल मार्फत मंगलबार सार्वजनिक गरेको छ । पुराना विद्यार्थी एउटा कक्षा उत्तीर्ण भएर माथिल्लो कक्षामा जाँदै गर्दा भर्ना शूल्न लिन नपाउने व्यवस्था हेटौंडा उपमहानगर पालिकाको शिक्षा ऐनमा रहेको छ ।

“हेटौंडा उपमहानगरपालिकाको शिक्षा ऐन २०७४ को दफा २८ को उपदफा ५ मा विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शूल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षमा भर्ना गर्नका लागि कुनै किसिमको शूल्क लिन पाउने छैन” भन्ने प्रावधान रहेको सूचनामा उल्लेख गरिएको छ । यदि भर्ना शूल्क भनेर कुनै विद्यालयले लिएको भए भर्ना शूल्क फिर्ता गर्न वा मासिक शूल्कमा मिलान गर्न शिक्षा विकास महाशाखाका प्रमुख समेत रहनुभएका निमित्त प्रमुख प्रशासकीय अधिकृत कोइरालाले बताउनुभएको छ ।

अभिभावकको गुनासो व्यापकरुपमा आइरहेको र अभिभावकको गुनासोकै आधारमा सूचना जारी गरिएको कोइरालाको भनाई छ । विद्यालयले पुराना विद्यार्थीलाई भर्ना शूल्क लिए, नलिएको भनी अनुगमन समेत गरिने उहाँले स्पष्ट पार्नुभएको छ । यसअघि सोमबार अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) मकवानपुरले शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर र हेटौंडा उपमहानगर पालिकालाई ध्यानाकर्षण गराउँदै विद्यालयले विद्यार्थीसँग लिने शिक्षण शूल्कको विवरण उपलब्ध गराउन माग गरेको थियो ।

## परीक्षाफल लिएर फर्किएकी दिदीबहिनीलाई अपहरण गरी जबर्जस्तीकरणी, २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-७ मा ७ कक्षाको वार्षिक परीक्षाको परीक्षाफल लिएर घर फर्कंदै गरेकी दुई दिदीबहिनीलाई अपहरण गरी जबर्जस्तीकरणीको घटना भएको छ । प्रहरीले घटनामा संलग्न २ जनालाई पक्राउ गरेको छ ।

गत चैत २५ गते विद्यालयबाट परीक्षाफल लिएर फर्कंदै गरेकी दुई दिदीबहिनी घर जान भनी टिपरमा चढेका थिए । टिपरमा चढेकी दिदीबहिनीलाई अपहरण गरी चालक र सहचालकले अर्को टिपरमा पठाएका थिए । पछिल्लो टिपरका चालक र सहचालकले दिदीबहिनीमाथि नै जबर्जस्तीकरणी गरेर रातभर कब्जामा राखेको बुझिएको छ । भोलिपल्ट फेरि दिदीबहिनीलाई अघिल्लो टिपर चालकको जिम्मा लगाइएको थियो । चैत २६ गते दिदीलाई मात्र टिपरभित्रै जबर्जस्तीकरणी भएको थियो । जबरजस्तीकरणीपछि चैत २७ गते पीडित दिदीबहिनीलाई जबर्जस्तीकरणी गर्ने टिपर चालकले घर मै लगेर छोडिदिएका थिए ।

आरोपित दुई जना चालकविरुद्ध चैत २९ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जाहेरी दर्ता भएको थियो । जाहेरी दर्ता भएकै साँझ टिपर चालकहरु गणेश ग्याबा र सुशान्त गोलेलाई प्रहरीले पक्राउ गरेको जनाएको छ । घटनाबारे प्रहरीले थप जानकारी सार्वजनिक गर्न चाहेको छैन । प्रहरी निरीक्षकले उनीहरुमाथि अनुसन्धान भइरहेको जानकारी दिएका छन् । बालमैत्री घोषित मकवानपुरगढी गाउँपालिकामा किशोरी दिदीबहिनीमाथि भएको गम्भीर अपराधको विषयमा गाउँपालिकाका प्रमुख, उपप्रमुखसहित महिला बालबालिका शाखाको पनि ध्यानाकर्षण भएको बुझिएको छ । पीडित किशोरी अहिले सुरक्षित छन् । उनीहरुलाई मनोसामाजिक परामर्शसहित सुरक्षित स्थानमा राखिएको बुझिएको छ ।

## हेटौंडा अस्पतालमा छैन रेबिजविरुद्धको खोप

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा रेबिज विरुद्धको खोप सकिएको छ । सरकारले निशूल्क उपलब्ध गराउने रेबिजविरुद्धको खोप नहुँदा सर्वसाधारणले खोप लगाउन पाएका छैनन् । मंगलबार हेटौंडा अस्पतालमा रेबिज विरुद्धको खोप लगाउन आएका सेवाग्राही खोप लगाउन नपाएको भन्दै आक्रोशित बनेका छन् ।

“हेटौंडा अस्पतालका डाक्टरले आज (मंगलबार) लाई खोप लगाउन बोलाउनुभयो, खोप लगाउन आयौं तर खोप छैन, २ वटा डोज खोप लगाइ सक्यौं, आज हाम्रो अन्तिम डोज खोप लगाउनु पर्ने हो, मेरो परिवारमा ८ जनालाई खोप लगाउनु पर्ने छ ।” एक सेवाग्राहीले बताए । रेबिजविरुद्धको खोप बाहिर पनि लगाउन नपाएको उनको भनाइ छ । मंगलबार मात्रै ५० जना भन्दा धेरै मानिस रेबिजविरुद्धको खोप लगाउन हेटौंडा अस्पताल पुगेका थिए ।

अस्पताल प्रशासनमा बुझ्दा गत चैत २७ गते नै नेपाल सरकारबाट प्राप्त हुने खोप सकिएको रहेछ । चैत २८ गते अस्पतालले नै १ सय ७७ भाइल खोप खरिद गरी वैशाख ९ गते दिउँसो २ बजेसम्म खोप लगाइदिएको थियो । महँगो भएकाले अस्पतालले खरिद गर्न नसक्ने जनाएको छ । अस्पतालले आपूर्ति शाखासँग भ्याक्सिन माग भइरहेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. श्रीधर अर्यालले बताउनुभयो । मेसु अर्यालका अनुसार आपूर्तिमा खोप मगाउने कार्य भइरहेको छ, टेन्डरको प्रक्रियाले औषधी आउन ढिला हुन्छ, पहिलेबाटै भ्याक्सिन कम नै आइरहेको बताउँदै छिटो भन्दा छिटो भ्याक्सिन मगाउने उहाँले जानकारी गराउनुभयो ।

रेबिज भाइरसविरुद्धको खोप कुकुर, बिरालो र अन्य जङ्गली जनावरले टोक्दा लगाउनु पर्छ । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार, शरीरमा रेबिजको लक्षण देखिन थालेपछि यसको भाइरसले मानिसको मस्तिष्कमा आक्रमण गर्छ, र समयमा उपचार नपाए ज्यानै जाने जोखिम हुन्छ ।

## महेन्द्र माविमा शैक्षिक सत्रको पहिलो दिन अभिभावक अभिमुखीकरण



*अभिमुखीकरण कार्यक्रममा सहभागी अभिभावकहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३, पदमपोखरीस्थित महेन्द्र माध्यमिक विद्यालयले शैक्षिक सत्र २०८१ को पहिलो दिन अभिभावक अभिमुखीकरण कार्यक्रम गरेको छ । हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाको सूचना बमोजिम आइतबार देखि नयाँ शैक्षिक सत्र २०८१ को नियमित पठनपाठन सुरुवातसँगै पहिलो दिन महेन्द्र माविले अभिभावकलाई अभिमुखीकरण गरेको हो ।

पठनपाठन सुरु गरेकै दिन अभिभावकलाई बोलाएर अघिल्लो शैक्षिक सत्र २०८० को असल अभ्यासका बारेमा जानकारी गराइएको प्रधानाध्यापक विष्णु श्रेष्ठले जानकारी दिनुभयो । विद्यालयले गरेको असल अभ्यास, अतिरिक्त क्रियाकलापको विषयमा जानकारी गराएको उल्लेख गर्नुहुँदै प्रधानाध्यापक श्रेष्ठले भन्नुभयो, “अघिल्लो शैक्षिक सत्रको क्रियाकलापका विषयमा हरेक महिना भएका क्रियाकलापको फोटो र समग्रमा भिडियो नै प्रस्तुत गर्यौं । विद्यालयमा भएका सकारात्मक सुधारका विषयमा जानकारी गरायौं । अभिभावकहरु सकारात्मक परिवर्तन देखेर खुसी हुनुभएको छ ।”

राम्रो विद्यालय बनाउनका लागि शिक्षक, विद्यार्थी, अभिभावकका जिम्मेवारीका विषयमा पनि जानकारी गराइएको प्रधानाध्यापक श्रेष्ठको भनाइ छ । अभिमुखीकरण र भिडियो तथा अन्य विवरण प्रस्तुतीपछि अभिभावकको सकारात्मक प्रतिक्रिया प्राप्त भएको उहाँले जानकारी दिनुभयो । पहिलो दिन नै अभिभावकलाई विद्यालयको अवस्थाका बारेमा बुझाउँदा, अभिभावकको भूमिकाका बारेमा जानकारी गराउँदा शैक्षिक सत्रको पूरा अवधि अभिभावकको साथ र सहयोग प्राप्त हुने र शैक्षिक क्रियाकलाप, सुधारमा सहयोग पुग्ने अपेक्षा प्रधानाध्यापक श्रेष्ठको रहेको छ ।

शैक्षित्र सत्र २०८० मा ८९२ जना विद्यार्थीले वार्षिक परीक्षा दिएको उल्लेख गर्नुहुँदै प्रधानाध्यापक श्रेष्ठले चालु शैक्षिक सत्र २०८१ मा कुल विद्यार्थी संख्या १ हजार २ सय पुर्याउने लक्ष्य रहेको बताउनुभयो । सोमबारसम्म १ सय ५० जना नयाँ विद्यार्थी भर्ना भइसकेको जानकारी दिनुहुँदै यो वर्ष ३ सय नयाँ विद्यार्थी भर्ना गर्ने योजना प्रस्तुत गर्नुभयो । शैक्षिक सत्र २०८० मा करिब १० प्रतिशत विद्यार्थीले बीचमै विद्यालय छाडेको उल्लेख गर्नुहुँदै चालु शैक्षिक सत्रमा बीचमै विद्यालय छाड्ने दर न्यून गर्न पनि अभिभावकसँग छलफल भएको प्रधानाध्यापक श्रेष्ठले बताउनुभएको छ ।



## सम्पादकीय

# शिक्षक बैंक प्रभावकारी होस्

मुलुकको सार्वजनिक शिक्षामा धेरै समस्याहरु छन् । विद्यार्थी संख्याको आधारमा सबै विद्यालयमा पर्याप्त शिक्षकको व्यवस्था हुन सकेको छैन । आधारभूत तहको कक्षा ६ देखि ८ सम्म र माध्यमिक तहको कक्षा ९ देखि १२ सम्म विषयगत शिक्षक आवश्यक भए पनि अधिकांश विद्यालयमा विषयगत शिक्षकको व्यवस्था हुन सकेको छैन । फरक विषय अध्ययन गरेका र तल्लो तहका शिक्षकले माथिल्लो कक्षाका अधिकांश विषय पढाउनुपर्ने बाध्यता सामुदायिक विद्यालयहरुमा छ । अकोतिर, रिक्त भएको शिक्षक दरबन्दीमा शिक्षक नियुक्ति गर्न अनावश्यक अलमल हुने गरेको छ । शिक्षकहरु लामो बिदामा बसेको समयमा सट्टा शिक्षकको व्यवस्थापनमा पनि ढिलाई हुने गरेको छ । यसले गर्दा सामुदायिक विद्यालयका विद्यार्थीको पठनपाठनमा धेरै समस्या हुने गरेको छ ।

महिनौंसम्म कुनै विषयको शिक्षक नहुँदा विद्यार्थीको पठनपाठन र परीक्षासमेत प्रभावित हुने समस्या सबैतिर छ । विद्यालयमा भएका कुनै शिक्षक सरुवा भई जाँदा र कुनै शिक्षक अवकास हुँदा रिक्त हुने दरबन्दीमा शिक्षक सरुवा गर्न वा नियुक्त गर्न महिनौं लाग्ने गरेको छ । शिक्षकहरु अध्ययन वा असाधारण बिदामा बस्दाको अवधिका लागि सट्टामा शिक्षक नियुक्त गर्ने व्यवस्था भए पनि यसको व्यवस्थापन सहज हुने गरेको छैन । महिला शिक्षकले सुत्केरी हुँदा न्यूनतम ९८ दिन बिदा पाउँछन् । यसरी सुत्केरी बिदामा बसेको समयमा सट्टा शिक्षकको व्यवस्थापन हुने गरेको छैन । यस्तै, शिक्षकहरु बिरामी, किरिया वा अन्य लामो विदामा बस्दा पनि सट्टा शिक्षक व्यवस्थापन नहुँदा विद्यार्थीको पठनपाठन र शिक्षण सिकाई क्रियाकलापमा प्रत्यक्ष असर पर्ने गरेको छ । यही तथ्यलाई मध्यनजर गरेर मकवानपुरको बागमती गाँउपालिकाले शिक्षक बैंक स्थापना गर्ने भएको छ । पालिकाको शिक्षा समितिले शिक्षक बैंक व्यवस्थापन कार्यविधि निर्माण गरेर शिक्षक बैंकमा रहन इच्छुक व्यक्तिबाट दरखास्त आह्वान गरेको हो । बालविकासदेखि आधारभूत र माध्यमिक सबै तहमा योग्यता पुगेका इच्छुक व्यक्तिलाई सूचीकरण गरी शिक्षक बैंक बनाइने भएको हो ।

गाउँपालिकाले आवेदकको परीक्षा लिएर उत्तीर्णहरुमध्येबाट शिक्षक प्रतीक्षा सूची तयार गर्ने बताएको छ । गाउँपालिकाअन्तर्गत्का सामुदायिक विद्यालयमा कार्यरत शिक्षक लामो समय विदामा बस्दा विदा अवधिभर उक्त प्रतीक्षा सूचीमा सूचीकृत शिक्षकलाई गाउँपालिकाले खटाउनेछ । यस्तै, विद्यालयमा कुनै शिक्षकको दरबन्दी रिक्त हुन आएमा त्यसको पूर्ति नहुँदासम्म प्रतीक्षा सूचीका शिक्षकलाई खटाउने जनाइएको छ । शिक्षक बैंकको प्रतीक्षा सूचीमा रहेका शिक्षकलाई विद्यालयको रिक्त दरबन्दी वा विदामा बस्ने शिक्षकको सट्टामा खटाउँदा विद्यालयमा शिक्षक व्यवस्थापन सहज हुनेछ । समयमै शिक्षक व्यवस्थापन हुँदा विद्यार्थीको पठनपाठन र शिक्षण सिकाइ क्रियाकपलापमा बाधा पुग्दैन । यसबाट विद्यार्थीको पठनपाठनलाई वर्षैभरि सुचारु बनाउन सहयोग पुग्नेछ ।

वर्तमान संवैधानिक व्यवस्थाअनुसार माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा आएपछि कतिपय स्थानीय तहले केही असल अभ्यास सुरु गरेका छन् । बागमती गाउँपालिकाले शिक्षक बैंक स्थापना गर्ने कार्य पनि यस्तै असल अभ्यासमध्येको एउटा हो । धेरै सामुदायिक विद्यालयको लागि ठूलो समस्या बन्ने गरेको सट्टा शिक्षक र शिक्षक दरबन्दी पूर्तिको समस्यालाई यसले पक्कै समाधान गर्दछ । यस कार्यबाट शिक्षित जनशक्तिले आफ्नै क्षेत्रमा छोटो अवधिकै भए पनि रोजगारीको अवसर पाउनेछन् । अर्कोतिर शिक्षक सेवामा प्रवेश गर्ने तयारी गरिरहेकाहरुका लागि यसले थप सहयोग गर्नेछ । सार्वजनिक विद्यालयको शैक्षिक सुधारमा पालिकाहरुले केही गरेनन् भन्ने आरोपबाट बच्नसमेत यस्ता कार्यले सहयोग गर्नेछ । बागमती गाउँपालिकाले सुरुवात गर्न लागेको शिक्षक बैंकलाई प्रभावकारी बनाउनु आवश्यक छ । यसको प्रभावकारिताबाट अन्य पालिकालाई पनि शिक्षक बैंकको सुरुवात गर्न दबाब बन्नसक्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | एम्बुलेन्स १०२ |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : भेटघाटमा रमाइलो बढ्ने समय छ ।
**वृष** : शुभचिन्तकहरुले सहयोग पुऱ्याउने समय ।
**मिथुन** : थोरै परिश्रमले बढी आय हुने योग छ ।
**कर्कट** : पैतृक सम्पतिका विषयमा चर्चा बढ्ला ।
**सिंह** : सम्मान र प्रतिष्ठामा वृद्धि हुने समय छ ।
**कन्या** : व्यापार–व्यवसायमा लगानी बढ्ने समय छ ।
**तुला** : परिवार र आफन्तसँग मनमुटाव भनाभनी चल्ला ।
**वृश्चिक** : मान–सम्मानमा वृद्धि भएर जाने योग छ ।
**धनु** : न्यायिक काममा विजय हाँसिल होला ।
**मकर** : बौद्धिक कार्यमा सरिक भइने समय योग छ ।
**कुम्भ** : राजनीतिक काममा आलोचित बनिएला ।
**मीन** : नोकरीमा मान–सम्मान प्राप्त योग रहला ।

# तस्करले धेरै, सरकारले थोरै चिनेको बुद्धचित्त

**किसानले फलाएका रूखको रक्षा गर्नु पनि सरकारको दायित्व हो । स्थानीय सरकार यसमा अझै चनाखो हुनुपर्छ । गुण्डा र तस्करहरूले बढी चिनेको, सरकारले कमै चिनेको हुनुहुँदैन बुद्धचित्त ।**



✍ डा. मित्र पाठक



रोशी गाउँपालिका वडा नम्बर ५ नागबेलीस्थित रूख धनी शेरबहादुर तामाङको बारीमा रहेका बैना लिइएका रूख काटिएपछि बुद्धचित्त एक पटक फेरि चर्चामा छ । कुनै समय 'सुन भन्दा मूल्यवान् फल दिने बुद्धचित्त', एउटै रूखबाट १२ लाख कमाइ, एउटै रूखले दियो ३६ लाख आम्दानी आदित्यादि शीर्षकमा समाचार बन्ने बयर जातिको रूख हो बुद्धचित्त या बुद्धमाला ।

धेरैको मनमा जिज्ञासा हुन सक्छ- अहिले कस्तो छ त व्यापार त्यस्तो बिरुवाको, खेती कहाँ कहाँ भइरहेको छ, आम्दानी कस्तो छ ? त्यही बिरुवाको बारेमा हालसम्म प्राप्त जानकारी दिने प्रयास हो यो आलेख ।

वास्तवमा बुद्धचित्त वा बुद्धमालाको वासस्थानमै गएर त्यसको गहन अध्ययन गर्ने तथा उक्त समयमा संसारका लागि नयाँ प्रजाति व्याख्या गरी भगवान् बुद्धको नाममा समर्पित गरेर जिजिपस बुद्धेनसिस नामकरण गर्ने मध्येको मुख्य मान्छे यो पंक्तिकार पनि हो। त्यसैले यसको बारेमा लुकेका थोरै वैज्ञानिक तथ्यहरूलाई कृषक तथा जनतासामु पुऱ्याउनु आफ्नो दायित्व सम्झी यस प्रकाशन मार्फत अद्यावधिक गरिएको हो ।

पौराणिक किंवदन्ती अनुसार भगवान् बुद्धले तीन ठाउँ छाडेका बिरुवामध्ये लुम्बिनी र नमोबुद्धमा त्यो बिरुवा मरेर गएको तर काभ्रेको तिमाल क्षेत्रमा भने यो बिरुवा बाँचेको र सोही बिरुवा बढेर त्यसबाट अरू बिरुवाहरू फैलिएको हो भन्ने जनमानस तथा स्थलगत अध्ययनबाट पत्ता लागेको थियो ।

सन् २०१५ मा यो पंक्तिकार पीएचडी अध्ययनका लागि चीन पुग्दा चाइनिज एकेडेमी अफ साइन्स अन्तर्गतको छेन्दु इन्स्टिट्यूट अफ बायोलोजीको हर्बेरियममा बुद्धचित्त जस्तै नमूना भेटेर त्यसको र नेपालमा भेटिएको बुद्धचित्तको डीएनए तुलनात्मक अध्ययन गर्दा उस्तै भेटिएपछि यो बिरुवा १९७९ मै चाइनाबाट अर्कै नाम (जिजिपस सिआङजेनसिस) बाटै व्याख्या भइसकेको पाइएको थियो ।

### कुन बिरुवा हो बुद्धचित्त ?

बुद्धचित्तलाई झट्ट हेर्दा मयल जस्तै देखिने यो बिरुवा वास्तवमा बयर जातिको एउटा प्रजाति हो । वैज्ञानिक भाषामा जिजिपस जेनेरिक नामबाट चिनिएको यो बिरुवाको प्रजाति भने अहिले जिजिपस सिआङजेनसिस स्वीकार्य नामबाटै चिनिन्छ ।

नेपालबाट हामीले प्रस्ताव गरिएको नाम जिजिपस बुद्धेनसिस पर्यायवाची नामको रूपमा रहेको छ । सानो छँदा काँडा सहित झण्डै लत्रिन आँटेका लामा-लामा हाँगा हुने यसको बोट जब ठूलो हुँदै जान्छ, विस्तारै काँडा कम देखिन थाल्छ ।

बढीमा यसको उचाइ ६ देखि ७ मिटरसम्म भेटिएको छ। यो वनस्पति सानो छँदा र ठूलो भइसकेपछि देखिने पातहरूको भिन्नता, रूखको प्रकृति र बीउमा पाइने रुद्राक्षको मुख जस्तो सुरहरू नै यसका अरू बयर भन्दा फरक गुणहरू हुन् । यो बिरुवा सामुद्रिक सतहबाट १२०० देखि २००० मिटरसम्म वनको आसपास फैलिएका जग्गा तथा पाखो बारीमा पाइएको छ ।

यो विगतदेखि नै थियो तर केही वर्षयता निकै चर्चा, चासो र बजारको समेत माग हुँदै आएको छ । यो बिरुवा के हो भन्ने सन्दर्भमा अध्ययन, अनुसन्धानको क्रममा काभ्रेपलाञ्चोक जिल्लाको तिमाल क्षेत्र र रामेछाप र दोलखा जिल्लाका केही स्थानहरूमा मात्रै भेटिएको छ भने चीनको सिचुवान प्रान्तको पश्चिमतिर खोला छेउछाउमा भेटिएको छ ।

### उपयोग तथा आम्दानी

यो बिरुवा विशेषगरी बौद्ध तथा हिन्दु धर्मावलम्बीहरूले प्रयोगमा ल्याएको पाइएको छ । चीनमा पाइने एक प्रकारको चराको आँखाको आकृति जस्तो देखिने मुख तथा सुरहरूको आधार र फलको दानाको आकारको आधारमा यसको १०८ दाने मालालाई केही हजारदेखि चार-पाँच लाखसम्म पर्ने गरेको छ भने बिरुवा ५०० देखि १ हजार र बिरुवा उमार्नका लागि किनिने बीउ पाथीको २६ हजारदेखि ५० हजारसम्म पर्थ्यो कुनै समय । दाना जति सानो फल्यो त्यसको मूल्य त्यति नै बढी हुने गर्छ । यसले गर्दा मुरीका मुरी फल्ने एउटै रूखबाट ३६ लाख कमाइ हुनु अनौठो थिएन ।

बयर जातिको भएकोले थोरै पानी पर्ने, सुख्खा, ग्रेगेटो र धेरै जसो रातो माटोमा यसको खेती राम्रो भएको पाइएको छ । रोपेको ३ देखि ४ वर्षबाटै फल दिन थाल्ने यो बिरुवालाई रोपेपछि त्यति स्याहार नभए पनि हुन्छ । खेती प्रविधिका लागि यसको बिरुवा रोपी अध्ययन कार्य जारी पनि छ ।

चार पाँच वर्ष पहिला पत्र-पत्रिकामा यसको महत्वको बारेमा जानकारी बाहिर आइसकेपछि देशैभरि यसको व्यावसायिक खेती गर्ने लहर नै चल्यो । तिमाल क्षेत्र लगायत अन्य ठाउँमा पनि फल राम्रै फले र फल्ने क्रममा छन् । तर कोरोनाको बेला यसको व्यापार केही मत्थर भएको जस्तो देखिन्थ्यो। फलको व्यापारमा मुख्य भूमिका खेल्ने चीनमा बढेको कोरोना पनि यसको कारण हुन सक्छ । फलतः चाइनिज व्यापारीहरू तिमाल धाउन छाडेका थिए तर रूख काटिएको विवादसँगै अब फेरि एक पटक बुद्धचित्तले बजार तताएको छ ।

### किन रूचाउछन् चाइनिजहरुले बुद्धचित्त ?

सन् २०१५ देखि २०१९ सम्म अध्ययनको सिलसिलामा चीनमा रहँदा जहाँ जहाँ पुगिन्थ्यो त्यहाँ त्यहाँ बुद्धचित्तको व्यापार बुझ्न यो पंक्तिकार झन्डै दश ठूला शहरका माला बजार र पसल घुमेको थियो कुनै बेला । ठूलो जनसंख्या कुनै धर्ममा पनि नबाँधिएको चाइनामा बुद्धचित्तको व्यापार कहाँ र किन भइरहेको होला भन्ने जिज्ञासा मेटाउनु थियो पंक्तिकारलाई। तर उत्तर पाउन सजिलो थिएन ।

थोरैले मात्रै प्रयोग गरेको भेटियो तर माला र रूखको बारेमा धेरै थोरै जानकारी भने धेरैलाई थियो । बुद्ध धर्म मान्नेले त ध्यान, जपका लागि प्रयोग गरेको देखिएको हो तर सोखले प्रयोग गर्नेको संख्या पनि कम छैन । साथमा पैसा प्रशस्त भएपछि आफ्ना देशमा पर्याप्त नपाइने बजारमा आएका नयाँ कुरा प्रयोग गरिहाल्ने चाइनिज सोखले पनि बुद्धचित्त र रुद्राक्ष जस्ता फलको व्यापार बढाउन सघाएको छ भन्न सकिन्छ ।

यति हुँदाहुँदै पनि चीनका ठूला शहरमा अझै पनि कि त बुद्धचित्त मालाको उपस्थिति न्यून छ कि छँदै छैन । अर्कोतर्फ सिचुआन प्रान्तको केही ठाउँमा फाट्टफुट्ट पाइने बुद्धचित्तले ठूलो देश चीनको व्यापार धान्ने अवस्था पनि देखिंदैन। यो अर्थमा नेपालमा आउने केही वर्ष यसको व्यापार घट्ने अवस्था देखिंदैन तर चाइनाका केही ठाउँमा यसको खेती गरेको चाइनिज साथीहरूको संगतबाट जानकारीमा आएको छ ।

यसो भन्दैमा सबैले यसैको खेती मात्रै गरेर भोलिका दिनमा बिक्री भएन भने कुनै बेला एलोभेराको व्यापारको अवस्था नआउला भन्न पनि सकिन्न । फेरि २०७२ सालपछि यो पंक्तिकार लगायतको टीमको खोजपछि, हल्लाखल्लापछि सुरु भएको बुद्धचित्तको खेती फल्न सुरु गरेकाले नेपालमा पनि यसको उत्पादन बढ्दो क्रममा छ । सल्यान र रुकुमका किसानले वनस्पति अनुसन्धान केन्द्र सल्यानमा मूल्य र बजारका बारेमा गरेको पटक-पटकको शोधखोजले पनि यो कुरा झल्किन्छ ।

### अब के गर्ने ?

हामीले विशेष खालको प्रविधिको माध्यमबाट यसको दिगो उपयोग गर्ने सन्दर्भमा ध्यान दिनुपर्दछ । यो दिगो आम्दानीको स्रोत बनोस्, यसको नर्सरीको विकास गरी नेपालको उपयुक्त ठाउँहरू कहाँ-कहाँ छन् त्यसको बारेमा समेत बृहत् अध्ययन, अनुसन्धान गर्ने, यसले जैविक महत्व तथा धार्मिक महत्व राख्ने विषयसँग पनि अध्ययन गरिनुपर्दछ ।

अबको अनुसन्धान यसको मूल्य बढी हुने सानो आकार र धेरै सुर वा मुख भएका गुणस्तरयुक्त फल बनाउने वा फलाउने सन्दर्भमा ध्यान पुऱ्याउनुपर्दछ । यसको रासायनिक तत्वहरूको अध्ययन अनुसन्धान गर्ने, यो दुर्लभ जस्तै भएकोले यसको सारतत्वको सन्दर्भमा नेपालमा भएको वैज्ञानिकहरू मात्रबाट सम्भव नहुन सक्छ । त्यसवेला विदेशीहरूलाई समेत ल्याई वा विदेशमा गएर विज्ञता हासिल गरेर पनि हामीले यसको प्रमोसन गर्नुपर्दछ ।

एउटा दुइटा बिरुवाले मात्रै पनि देशको अर्थतन्त्र चलायमान बनाएका थुप्रै उदाहरण छन् विश्वमा तसर्थ देशले नचिनेको बहुमूल्य बुद्धचित्त भन्ने दिन नआओस् । बेलैमा यसको बहुपक्षीय रूपमा ध्यान दिई यसको औषधीय गुण तथा अन्य गुणको सन्दर्भमा पनि कम्तीमा नेपाल सरकार वन तथा वातावरण मन्त्रालय एवं वनस्पति विभाग स्पष्ट हुनु नितान्त आवश्यक छ ।

व्यापारको क्रममा कृषक तथा व्यापारीहरूले निकै सास्ती भोग्नु परेको खबर पनि बाक्लै सुनिन्छ यसतर्फ पनि सरकारी निकायहरूको तुरुन्त ध्यान जानु जरुरी देखिन्छ । किसानले फलाएका रूखको रक्षा गर्नु पनि सरकारको दायित्व हो । स्थानीय सरकार यसमा अझै चनाखो हुनुपर्छ । शीर्षकमा भनिए जस्तो गुण्डा र तस्करहरूले बढी चिनेको, सरकारले कमै चिनेको हुनुहुँदैन बुद्धचित्त ।


अन्त्यमा, समयको गतिसँगै बुद्धचित्त जस्तै फल दिने रुद्राक्ष तथा औषधिको रूपमा प्रयोग हुने बहुमूल्य हिमाली जडीबुटी एवं सुनगाभा तथा अन्य फल जाति र अमूल्य काठ दिने रक्तचन्दन, श्रीखण्ड, अगरउड जस्ता बिरुवाको पहिले व्यापक अनुसन्धान र त्यसपछि उपयोगमा नआएका वन छेउछाउमा जमिनमा व्यावसायिक खेती मार्फत किसानहरूलाई प्रविधि हस्तान्तरण गर्न सके यो देशको अर्थतन्त्रमा आर्थिक रूपले सम्भावना बोकेका वनस्पतिहरूको पनि केही हिस्सा अवश्य रहन्थ्यो ।

घिउकुमारी र स्टेभिया जस्तै बिरुवाको नाममा नेटवर्किङ गर्नेहरूलाई निरुत्साहित गरी सरकारले आर्थिक महत्वका यस्ता वनस्पतिको पहिचान गरी भ्यालु एड गर्ने, किसानसमक्ष प्राविधिक ज्ञान, न्यूनतम मूल्यमा खरिद गरिदिने वा उत्पादनका आधारमा अनुदान दिने, जडीबुटी एवं बहुमूल्य वनस्पतिको बीमा गरिदिने, जडीबुटीको उपयोग हुने साना उद्योगमा प्रोत्साहन गर्ने नीति तथा कार्यक्रम लैजान र जनतासमक्ष लगिसकेका कार्यक्रमको दिगो कार्यान्वयनका लागि अब कत्ति ढिला गर्नुहुँदैन ।

*(डा. पाठक वनस्पति विभाग अन्तर्गत वनस्पति अनुसन्धान केन्द्र, सल्यानको प्रमुख हुन् । स्रोतः अनलाईनखबर)*

भाइबहिनीका किताब

# अकबर र वीरबल





बादशाह अकबर र मन्त्री वीरबलका कथाहरु पुस्तौंपुस्तादेखि नेपाल तथा भारतमा प्रख्यात छन् । खासगरी वीर बलको चतुऱ्याइँका महत्वपूर्ण कथाहरुले पाठकलाई अप्ठ्यारा परिस्थितिको सामना कसरी गर्ने भन्ने पनि सिकाउँछ ।

बादशाह अकबर र वीरबलको भेट कसरी भयो ? एउटा सामान्य परिवारमा जन्मिएका वीरबल कसरी बादशाहको प्रिय पात्र बने ? लगायतका प्रश्नहरुको जवाफ अकबर र वीरबलका कथाको किताबमा भेट्न सकिन्छ ।

अकबर वीरबलका कथाहरु विभिन्न प्रकाशनले प्रकाशित गरेका छन् । अकबर वीरबलको कथामा वीरबलले सामना गरेका विभिन्न परिस्थितिहरुसँग जोडिएका १०१ उत्कृष्ट प्रेरक कथा समावेश छन् । यी कथाहरुले पाठकलाई राम्रा सन्देश दिन्छन् । यस किताबलाई बालबालिकाहरुका लागि पठनीय बनाउन भाषालाई पनि बालबालिकामैत्री बनाउने प्रयास गरिएको छ ।

१० वर्षदेखि माथिका भाइबहिनीहरुलाई आफैंले पढेर आनन्द लिनका लागि छोटा-छोटा कथाहरु छन् । किताब पढ्दा दिक्क लाग्दैन । किताबमा वीरबलको जन्म र उनको जीवनीसँग सम्बन्धित रमाइला प्रसंगहरु समेटिएका छन् ।

# बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**


# एसईई सकियो

## एक साताको आराम पनि सकियो






नतीजा आउन झण्डै २ महिना बाँकी छ ।
फुर्सदको समय सदुपयोग गर्ने
र
सञ्चार क्षेत्रमा भविष्य खोज्ने तपाईंका लागि
हामी साथ दिन सक्छौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
९८५५०६८२२७
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा, मकवानपुर


# जीवन गणित हो (गीत)



✍प्रितम कुमार शाह

दुख, घृणा र सत्रुता जीवनबाट हटाऔं ।२
छल र कपटको भावना नै हटाऔं ।
जीवन गणित हो साथी
जीवन गणित हो ।

जीवनको पाइला-पाइलामा खुसीलाई गरौं गुणन ।२
समाज सेवाको कर्म गरी नागरिक बनौं सज्जन ।
जीवन गणित हो साथी
जीवन गणित हो ।

सुखको कल्पनामा दुखलाई गरौं भाग ।२
सुखमा मातिए फेरि चरित्रमै लाग्छ दाग ।
जीवन गणित हो साथी
जीवन गणित हो ।

माया, ममता र मित्रतालाई जीवनसँगै जोडौं ।२
सहयोगको बाटोमा जीवनकै दिशा मोडौं ।
जीवन गणित हो साथी
जीवन गणित हो ।

जीवन गणित हो साथी
जीवन गणित हो ।


स्थानीय सरकार
बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

## शिक्षक बैंक स्थापनार्थ दरखास्त आव्हान

*प्रथम पटक प्रकाशित २०८१/०१/१०*

बागमती गाउँपालिका मकवानपुर अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने अस्थायी/करार प्रकृतिका शिक्षक तथा प्रचलित ऐन, नियमावली वमोजिम लामो अवधिसम्म शिक्षक बिदा बस्दा हुन सक्ने रिक्तताले नियमित पठनपाठनमा पर्ने प्रतिकुल असरलाई व्यवस्थित गरी पठनपाठन कार्यलाई नियमितता प्रदान गर्ने उद्देश्यले तहगत तथा विषयगत शिक्षक प्रतिक्षा सूचीमा सूचीकृतका लागि यस गाउँपालिको "शिक्षक बैंक व्यवस्थापन कार्यविधि, २०८०" को परिच्छेद ३ को दफा ३ (२) बमोजिम तथा गाउँ शिक्षा समितिको मिति २०८०/१२/१७ गतेको वैठकको निर्णयानुसार "शिक्षक बैंक" स्थापनार्थ यो विज्ञापन प्रकाशित गरिएको छ । प्रतिक्षा सूचीमा सूचीकृत हुन इच्छुक, योग्यता पुगेका व्यक्तिहरुका लागि सूचना जारी भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको ढाँचामा रितपूर्वक दरखास्त पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. सूचिकृत गरिने शिक्षकको किसिम, तह र विषय

**क) बालविकास केन्द्र सहजकर्ता (शिक्षक)**

| क.सं. | किसिम | विषय | विज्ञापन नं. | संख्या (महिला) |
|---|---|---|---|---|
| १. | अस्थायी/करार/गापा अनुदान | | ०१/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |

**ख) प्राथमिक तह**

| क.सं. | किसिम | विषय | विज्ञापन नं. | संख्या |
|---|---|---|---|---|
| १. | अस्थायी/करार/गापा अनुदान | | ०२/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |

**ग) निम्नमाध्यमिक तह**

| क.सं. | किसिम | विषय | विज्ञापन नं. | संख्या |
|---|---|---|---|---|
| १. | अस्थायी/करार/गापा अनुदान | अंग्रेजी | ०३/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| २. | अस्थायी/करार/गापा अनुदान | गणित | ०४/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| ३. | अस्थायी/करार/गापा अनुदान | विज्ञान | ०५/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| ४. | अस्थायी/करार/गापा अनुदान | कम्प्युटर | ०६/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |

**घ) माध्यमिक तह (९-१०)**

| क.सं. | किसिम | विषय | विज्ञापन नं. | संख्या |
|---|---|---|---|---|
| १. | अस्थायी/करार/गापा अनुदान | अंग्रेजी | ०७/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| २. | अस्थायी/करार/गापा अनुदान | गणित | ०८/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |
| ३. | अस्थायी/करार/गापा अनुदान | विज्ञान | ०९/२०८१ | उत्तीर्ण हुने उम्मेदवार सबै |

**२. परीक्षा दस्तुर :**
क) बालविकास सहजकर्ता लागि : रु. ३००/-
ख) प्राथमिक तहका लागि : रु. ५००/-
ग) निम्नमाध्यमिक तहका लागि : रु. ५००/-
घ) माध्यमिक तहका लागि : रु.१,०००/-

३. परीक्षाको किसिम : लिखित र अन्तरवार्ता ।
४. परीक्षा मिति र केन्द्र : पछि प्रकाशित गरिने छ ।
५. दरखास्त दिने स्थान : शिक्षा शाखा, बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर ।

**६. विज्ञापन समबन्धी थप जानकारी :**
क) बालविकास केन्द्र सहजकर्ता (शिक्षक) को हकमा पालिकाले तयार पारेको पाठ्यक्रम बमोजिम हुनेछ ।
ख) सम्बन्धित तह र विषयको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके वमोजिम हुनेछ ।
ग) बालविकास केन्द्र सहजकर्ता (शिक्षक) को हकमा स्थायी अध्यापन अनुमतिपत्र अनिवार्य नहुने ।
घ) स्थायी अध्यापन अनुमतिपत्र उपलब्ध नभएकाको हकमा प्राथमिक तह, निमावि तह र मावि तहको प्रतिक्षा सूचीमा सूचिकृतका लागि छनोट हुने उम्मेदवारलाई गापा अनुदानकातर्फ सूचिकृत गरिनेछ ।
ङ) दरखास्त फारमको अग्रभागमा उम्मेदवारले आफ्नो नामथर, विज्ञापन नं., तह र परीक्षा दिने विपय स्पष्टरुपमा लेख्नुपर्ने छ । साथै फारमको दोस्रो भागमा पेश गरेका कागजातहरको विवरण उल्लेख गर्नु पर्ने छ ।
च) कुनै उम्मेदवारले झुट्टा विवरण/कागजात पेस गरेको पाइएमा निजको दरखास्त फारम अस्वीकृत गरिने छ । यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिइसकेको भए नियुक्ति समेत रद्द गरिने छ ।
छ) रीत नपुगेको वा सर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन ।
ज) दरखास्त फारमसाथ पेस गरिएका कागजातका प्रतिलिपिहरुमा उम्मेदवार स्वयम्ले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ ।
झ) दरखास्त फारम वागमती गाउँपालिकाको वेवसाइट www.bagmatimunmakwanpur.gov.np बाट डाउनलोड गर्न सकिने छ ।
ञ) थप जानकारीका लागि (परीक्षा समिति) सम्पर्क नं.: ९८५५०३०५३१, ९८४२५६८१७०, ९८४३२८३६३६, ९८५५०३०५९८)

**प्रमुख प्रशासकीय अधिकृत**

# एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको छ। सिन्धुपाल्चोक, रामेछाप र चितवन जिल्लामा एकैदिन ६ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिका-७,दुवाचौर काफ्लेखोला जंगलमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ४७ वर्षीय विष्णु बहादुर अधिकारी रहेको प्रहरीले जानकारी दिएको छ।

अधिकारी वैशाख १ गतेदेखि बेपत्ता भएकोमा सोमबार बिहान १० बजेर ४५ मिनेटको समयमा घरबाट ७ सय मिटर पर मृत अवस्थामा फेला परेका थिए। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि टिचिङ अस्पताल काठमाडौं लगिएको प्रहरीले जानकारी दिएको छ। रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका-२, रोशी राडदहमा एक जना पुरुष मृत फेला परेका छन्। मृत फेला पर्नेमा ६६ वर्षीय कृष्ण बहादुर भुजेल रहेको प्रहरीले जानकारी दिएको छ। भुजेल आइतबार आफू खुशी घरबाट हिँडेकोमा सोमबार निर्माणाधिन दुगड हाईड्रोपावर लिखु-१ ड्यामको पानीमा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिरी अस्पताल दोलखा लगिएको छ।

चितवन जिल्लाको भरतपुर महानगरपलिका-११, गोर्खाली टोलमा एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा ईच्छाकामना गाउँपालिका-३, धारापानीका ६० वर्षीय भोज बहादुर गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ। सोमबार दिउँसो ३ बजेको समयमा गुरुङ घरपैँचो (पुजा) मा आएकोमा घरको भऱ्याङ चढ्ने क्रममा चक्कर बिरामी भएका थिए। गुरुङलाई उपचारका लागि नयाँ मेडिकल कलेजमा लगिएकोमा दिउँसो ३ बजेर २७ मिनेटमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, बेलचोकमा मोटरसाइकलले ठक्कर दिँदा साइकलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा अन्दाजी ५५ वर्षीय पुरुषको सनाखत नभएको प्रहरीले जानकारी दिएको छ। सोमबार बाह्रघरेबाट बेलचोकतर्फ जाँदै गरेको ना ६५ प ६२०६ नम्बरको मोटरसाइकलले साइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक भरतपुर महानगरपालिका-९, बसन्तचोक बस्ने ४९ वर्षीय सन्तोष बुलाकोटी र मोटरसाइकलको पछाडी सवार मकवानपुरको मनहरी गाउँपालिका-३, का ३३ वर्षीय सुदर्शन अधिकारी घाइते भएका थिए। घाइते ३ नै जनालाई उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा साइकलयात्रीको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

# ३६ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौंडाः विश्व प्रयोगशाला दिवसको अवसरमा मंगलबार रक्तदान कार्यक्रम भएको छ। कार्यक्रममा ३६ जनाले रक्तदान गरेका छन्। मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्नातक तहमा प्रयोगशाला विषय अध्ययनरत विद्यार्थीहरूको आयोजनामा रक्तदान कार्यक्रम भएको हो।

हेटौंडा अस्पतालको सहयोग र रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो। दिवसको अवसरमा बिहान प्रतिष्ठानका विद्यार्थीहरुले प्लेकार्डसहित टिसिएनरोड, सिमाचोक, बुद्ध चोकहुँदै हेटौंडा अस्पतालमा पुगेर ऱ्याली सम्पन्न भएको थियो। प्रतिष्ठानले मंगलबार साँझ बुद्धचोकमा दीप प्रज्वलन गरिएको प्रतिष्ठानका विद्यार्थी अमर पुनले जानकारी दिनुभयो।

# शिक्षकहरुका लागि उत्प्रेरणा तथा परामर्श तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पालिकामा रहेका ३७ वटा विद्यालयका शिक्षकहरुका लागि आयोजना गरेको उत्प्रेरणा तथा परामर्शसम्बन्धी तालिम सम्पन्न भएको छ। सोमबार र मंगलबार कक्षा १ देखि ३ सम्म पढाउने ३६ जना शिक्षकहरुलाई उत्प्रेरणा तथा परामर्श तालिममा कार्ययोजना बनाएर सम्पन्न भएको गढी गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयालले जानकारी दिनुभयो।

तालिममा विद्यालय आउन मन नलाग्ने तथा मनोसामाजिक समस्या भएका बालबालिकाहरुलाई विद्यालय आउन कसरी सहज बनाउने भन्ने विषयमा परामर्श दिइएको हो। तालिम लिएका शिक्षकहरुले वैशाख महिनाभित्र आ-आफ्नो विद्यालयका शिक्षकहरुलाई तालिमसम्बन्धी सहजीकरण गर्ने फुयालले जानकारी दिनुभयो। तालिममा प्रत्येक विद्यालयबाट एक-एक जना शिक्षकहरुलाई परामर्श दिइएको थियो। गढी गाउँपालिका-५ स्थित शारदा माविका शिक्षक भने उपस्थित नभएको फुयालले जानकारी दिनुभयो।

कार्यक्रम पालिकाको शिक्षा शाखा प्रमुख रामबहादुर घलानको सभाध्यक्षता तथा गाउँपालिकाका स्रोत शिक्षक दाशरथी उपाध्यायको प्रमुख आतिथ्यमा उद्घाटन भएको थियो। तालिमको सहजीकरण तथा समापन शिक्षा नीति तथा अभ्यास केन्द्रका कार्यक्रम संयोजक टीका भट्टराईले गर्नु भएको छ।

आज वैशाखा १२ गते विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको भेलाबाट गाउँपालिकास्तरीय विद्यालय व्यवस्थापन समिति महासंघ बनाउने कार्यक्रम रहेको फुयालले जानकारी दिनुभयो।

# पालिस्तरीय बैठक तथा समीक्षा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा मोमेटम प्राइभेट हेल्थ केयर डेलिभरीको पालिकास्तरीय समीक्षा कार्यक्रम भएको छ। मंगलबार हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा प्राइभेट हेल्थ केयरले पालिकास्तरीय समीक्षासँगै दोस्रो त्रैमासिक बैठक गरेको हो।

कार्यक्रममा सेवाग्राही-केन्द्रित, गुणस्तरीय परिवार योजना सेवालाई दिगो रुपमा उपलब्धता गराउनका लागि परियोजनाले काम गरिरहेको कार्यक्रम संयोजक सुदर्शन दहालले जानकारी दिनुभयो। निजी क्षेत्रका स्वास्थ्य संस्थाहरु र फार्मेसीहरुको प्राविधिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नका लागि सहायता प्रदान गर्न प्राइभेट हेल्थ केयर डेलिभरी नेपालले जोड दिएको उहाँले बताउनुभएको छ।

प्राइभेट हेल्थ केयर डेलिभरी परियोजना कार्यक्रमअन्तर्गत् प्रशिक्षण, अभिमुखीकरणमार्फत् क्षमता सुदृढीकरण, मासिक अनुगमन, अर्धवार्षिक अनुगमन र समीक्षा कार्यक्रहरु गरेको संयोजक दहालले बताउनुभयो। वार्षिक कार्यक्रमअन्तर्गत् निजी संस्थाहरुको पहिचान, छनोट, त्रिपक्षीय समीक्षा, सेवाप्रदायकहरुका लागि किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी तालिम, सेवाप्रदायकहरुका लागि सगिनीको आधारभूत तालिम सम्पन्न गरेको उहाँले बताउनुभयो।

संस्थाका सञ्चालकहरुका लागि व्यावसायिक सिप तालिम र स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरुलाई अभिमुखीकरण तालिम सम्पन्न भएको बताउनुभयो। पालिकाहरुसँगको त्रैमासिक बैठक, मासिक गुणस्तर सुधार बैठक र पालिकाहरुको अनुगमन कार्यक्रम भइरहेको उहाँले बताउनुभयो।

निजी स्वास्थ्यकर्मीको निरन्तर क्षमता अभिवृद्धि गर्दा गुणस्तरीय सेवाप्रवाहका साथै एकद्वार प्रणालीमार्फत् रेकर्डिङ र रिपोर्टिङ कार्य सम्भव हुने उहाँको भनाइ छ। निजी र सरकारी क्षेत्र दुवै एक-आपसमा सहकार्य गरी किशोरकिशोरीहरुलाई प्रजनन स्वास्थ्य र लैङ्गिक हिंसाबारे सचेतना प्रदान गर्न सकिने उहाँले जानकारी गराउनुभएको छ। उमेर वा वैवाहिक स्थितिको आधारमा कुनै पनि पूर्वाग्रह नराखी सबैलाई समान व्यवहार गर्नुपर्ने उहाँले बताउनुभयो।

परिवार योजनाको गुणस्तर सुधारका लागि सेवाग्राहीलाई परिवार योजनाको कुनै पनि साधन प्रयोग गर्न करकाप गर्न नहुने उहाँको भनाइ छ। अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएड)को आर्थिक सहयोगमा स्वास्थ्य मन्त्रालयअन्तर्गत् प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय, गाउँपालिका, नगरपालिका र जिल्ला स्वास्थ्य कार्यालयहरुसँग साझेदारी गरेको छ।

# तातो पानीले पोलेर बालिका गम्भीर घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-६, ज्यामिरेमा तातो पानीले पोलेर बालिका गम्भीर घाइते भएकी छन्। घाइते हुनेमा अन्जित तामाङको ३ वर्षीया छोरी पेम्बा मोक्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

कुखुरा सफा गर्न उमालेर राखेको पानीले पोलेर पेम्बा घाइते भएकी हुन्। पेम्बालाई उपचारका लागि २ बजेको समयमा हेटौंडा अस्पताल ल्याइएको छ। मोक्तानको शरीरको अधिकांश भाग पोलेको छ। थप उपचारका लागि सोमबार राती ९ बजे कीर्तिपुर अस्पताल काठमाडौं रिफर गरिएको प्रहरीले जानकारी दिएको छ।

# प्रतिजैविक प्रतिरोधबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडाः हेटौंडामा मंगलबार प्रतिजैविक प्रतिरोधसम्बन्धी अन्तरक्रिया भएको छ। नेपाल सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत्को राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रको आयोजनामा अन्तरक्रिया भएको हो।

केन्द्रका वरिष्ठ स्वास्थ्य शिक्षा प्रशासक डा. भक्तबहादुर केसीले अन्तरक्रियालाई सहजीकरण गर्नुहुँदै प्रतिजैविक प्रतिरोधबारे जानकारी गराउनुभयो। विभिन्न कारणले सूक्ष्म जीव बलियो भएर एन्टिमाइक्रोबियल औषधीले काम गर्न छोडेको र सूक्ष्म जीवलाई औषधीले जित्न नसकेको अवस्था प्रतिजैविक प्रतिरोध भएको उहाँले बताउनुभयो। उहाँले एन्टिबायोटिकहरु जथाभावी प्रयोग गर्दा र आफूखुशी सेवन गर्दा यस्तो हुने बताउनुभयो। उहाँले प्रतिजैविक प्रतिरोधलाई जनस्वास्थ्यको चुनौतीका रुपमा व्याख्या गरेको बताउनुभयो।

यसको प्रभावकारी रोकथाम तथा नियन्त्रणका लागि राष्ट्रिय कार्ययोजनाहरु बने पनि प्रचारप्रसार र चेतना प्रवाहको काम सुस्त भएको उहाँको भनाइ छ। उहाँले स्थानीय तहले विशेष एन्टिबायोटिकको प्रयोगको अवस्थाबारे बजार अनुगमन गर्न जरुरी रहेको बताउनुभयो। अन्तरक्रियामा प्रतिजैविक प्रतिरोधले मानव, पशुपक्षी र वातावरणमा पार्ने असरहरुको बारेमा छलफल भएको छ। अन्तरक्रियामा औषधी व्यवसायी र सञ्चारकर्मीहरुलाई सचेतना गराइएको हो।

हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको अन्तरक्रियामा प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी, सामाजिक विकास महाशाखा प्रमुख भीम तिमल्सिना, राष्ट्रिय स्वास्थ्य, शिक्षा, सूचना तथा सञ्चार केन्द्रका जनस्वास्थ्य अधिकृत अनुज अधिकारी र हेटौंडा उपमहानगरपालिकाका जनस्वास्थ्य निरीक्षक भोला चौलागाईलगायतको आतिथ्य रहेको थियो।

विद्याधनम् सर्वधनम् प्रधानम् ।।

**विद्यार्थी भर्नासम्बन्धी सूचना**

शैक्षिक सत्र २०८१ का लागि निशुल्क भर्ना, पाठ्यपुस्तक, भोजन तथा आवासीय सुविधा समेत निशुल्कसहित संस्कृत वेद विद्यालयमा कक्षा-५ देखि कक्षा-८ सम्म भर्ना खुल्यो। सीमित सिट भएकोले यथाशिघ्र सम्पर्क गरी भर्ना गराउनु हुन विद्यार्थी तथा अभिभावक वर्गमा जानकारी गराइन्छ। व्यक्तित्व विकासका लागि संगीत, योग तथा कम्प्युटरसम्बन्धी विशेष प्रशिक्षणको समेत व्यवस्था गरिएको छ।

सम्पर्कः ९८५५०-६७३२३/९८४५५-३५४३४

**श्री संस्कृत वेद विद्यालय**

हेटौंडा-१०, गोरक्षेश्वर दिव्यधाम, राप्तीतट

# मकवानपुरको विभिन्न स्थानमा निःशुल्क शिविर हुँदै

समाज संवाददाता

हेटौंडाः निःशुल्क प्लाष्टिक सर्जरीका लागि बिरामी पहिचान गर्न मकवानपुरको विभिन्न स्थानमा निःशुल्क शिविर हुने भएको छ। अपाङ्ग सरोकार केन्द्र मकवानपुर र बीएण्डबी अस्पताल काठमाडौंको आयोजनामा शिविर हुन लागेको हो।

जन्मिँदै ओठ तथा तालु (जिब्रोभन्दा माथि) फाटेको, शल्यक्रिया भइसके पनि ओठ, नाक नमिलेको, गिजा, तालुमा प्वाल भएकाहरुका लागि निःशुल्क प्लाष्टिक सर्जरी (शल्यक्रिया)का लागि छनोट शिविर हुने बताइएको छ। यहि वैशाख २० गते बिहीबार भीमफेदी प्राथमिक स्वास्थ्य केन्द्रमा शिविर हुनेछ। २१ गते शुक्रबार मकवानपुरगढी स्वास्थ्य चौकी, शिखरकटेरीमा छनोट शिविर हुनेछ।

यस्तै, २२ गते शनिबार मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालमा शिविर हुने भएको छ। २३ गते आइतबार मनहरी अस्पतालमा, २४ गते कैलाश गाउँपालिकाको कालिकाटार स्वास्थ्य चौकी, कटुञ्जेमा र २५ गते मंगलबार आधारभूत स्वास्थ्य सेवा केन्द्र बकैयाको हात्तीसुँडेमा शिविर हुने भएको छ। शिविरमा छनोट भएका बिरामीहरुलाई शल्यक्रियाको लागि सोही दिन बीएण्डबी अस्पतालमा लगिने र बिरामी तथा एक कुरुवालाई आउने जाने भाडा र खाने र बस्ने निःशुल्क व्यवस्था गरिने भएको छ।

# चरेशसहित तामाङ पक्राउ


समाज संवाददाता

हेटौंडाः हेटौंडा-१९, नेवारपानी चेक पोष्टबाट प्रहरीले लागुऔषध चरेशसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धादिङ जिल्लाको गजुरी गाउँपालिका-८ का ३३ वर्षीय चीन बहादुर डिमडुङ तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सोमबार दिउँसो ४ बजेर ४५ मिनेटको समयमा इलाका प्रहरी कार्यालय नेवारपानीमा काठमाडौंबाट वीरगंजतर्फ जाँदै गरेको ना ७ ख २०१८ नम्बरको बसमा सुरक्षाजाँच गर्दा बसमा सवार तामाङको साथबाट प्रहरीले लागुऔषध चरेश बरामद गरेको हो। तामाङको साथबाट ७ किलो चरेश बरामद भएको प्रहरीले जानकारी दिएको छ। लागुऔषध चरेशसहित तामाङलाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको र बसलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जानकारी दिएको छ।

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# मन्टेश्वरी विधिमा आधारित सहजीकरणस तालिम सम्पन्न

समाज संवाददाता

हेटौंडाः मकवानपुरगढी गाउँपालिकाको आयोजनामा बालविकास सहजकर्ताहरुका लागि मन्टेश्वरी विधिमा आधारित सहजीकरणसम्बन्धी तालिम सम्पन्न भएको छ। मकवानपुरगढी गाउँपालिका-३, मकाञ्चुलीस्थित भानु माध्यमिक विद्यालयमा शुक्रबारदेखि सुरु भएको तालिम मंगलबार सम्पन्न भएको मकवानपुरगढी गाउँपालिकाका शिक्षा सहजकर्ता कमल फुयाँलले जानकारी दिनुभयो।

तालिममा बालबालिकाको व्यवहारको विकास, बालबालिकामा खेल्दै सिक्दै सम्बन्धी अभ्यास, विभिन्न कलाको विकास, बाल शैक्षिक सामग्री आदिका बारेमा सहजीकरण गरिएको थियो। विभिन्न माध्यमबाट प्रारम्भिक बाल विकास, कक्षाकोठामा विद्यार्थीलाई कसरी पठनपाठन गर्ने भन्ने विषयमा सहजीकरण गरिएको फुयाँलले जानकारी दिनुभयो।

तालिमको सहजीकरण मन्टेश्वरी सञ्चालक मेनुका ब्लोनले गर्नुभएको थियो। मकवानपुरगढी गाउँपालिकामा ५४ जना बालविकास सहजकर्ताहरु रहेकोमा पहिलो चरणमा यसअघि २७ जना सहजकर्तालाई चैत २२ गतेदेखी २९ गतेसम्म तालिम सञ्चालन गरिएको थियो। समापन कार्यक्रम स्रोत शिक्षक दाशरथी उपाध्यायको सभाध्यक्षता तथा शिक्षा शाखा प्रमुख रामबहादुर घलानको प्रमुख आतिथ्यमा भएको थियो।

# कुटपिटबाट राक्सिराङका २ जना घाइते

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-२, कालीधाप्मा अन्जान व्यक्तिको कुटपिटबाट २ जना घाइते भएका छन्। घाइते हुनेमा २५ वर्षीय सन्देश ब्लोन र ३२ वर्षीय जीवन ब्लोन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। सोमबार राति ११ बजेर ४५ मिनेटको समयमा पलासेबाट बरेटार घरतर्फ पैदल जाँदै गरेका उनीहरुलाई अटोमा आएका ३ जना व्यक्तिले कुटपिट गरी घाइते बनाएका थिए। कुटपिटबाट घाइते दुवै जनालाई उपचारको लागि मंगलबार बिहान २ बजेको समयमा मनहरी अस्पताल लगिएकोमा अवस्था गम्भीर भएपछि थप उपचारको लागि बिहान ४ बजेर ३० मिनेटको समयमा मनकामना अस्पताल भरतपुर लगिएको प्रहरीले जानकारी दिएको छ। कुटपिट गर्ने व्यक्तिको खोजी भइरहेको छ।

# मामाघर नेपाललाई सहयोग

समाज संवाददाता

हेटौंडाः सडक बालबालिका व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरलाई सामाजिक संजाल टिकटक मार्फत जोडिएका विभिन्न व्यक्तिहरुले गठन गरेको संस्था नेपाली हर्ट ग्रुपले नगद ५० हजार साथै कपडा, स्टेशनरी गरेर करिव ९० हजार रुपैयाँ बराबरको सहयोग उपलब्ध गराएको छ। ग्रुपका अध्यक्ष दिल्लिराज पराजुलीको अध्यक्षता तथा हेटौंडा ११ नं वडाका वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यमा आइतबार सहयोग हस्तान्तरण कार्यक्रम भएको हो।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ